नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

☎ ०६५- ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७/७८
चलानीनम्बर-:

मितिः२०७७।०५।२४

## प्रमुख जिल्ला अधिकारीबाट जारी निषेधाज्ञा

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ कोरोना भाईरस संक्रमण, रोकथाम, उपचार र नियन्त्रणको प्रयास भई रहेकै छ । भानु नगरपालिकाको सम्पूर्ण क्षेत्रमा कोभिड- १९ कोरोना भाईरसको संक्रमण समुदायमा फैलन सक्ने परिस्थिती सृजना भएको भनि भानु नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट लेखी आएको । उक्त क्षेत्रभित्र संक्रमितहरु थप भईरहेको र यस कार्यालयले समेत उक्त परिस्थिति महशुस गरेको हुदाँ तपसिलका मिति, समय र स्थानमा तपसिल अनुसार गर्न स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम तपसिलको आदेश जारी गरिएको छ । आदेश अनुसार गर्न गराउन सम्पूर्ण महानुभावहरुमा अनुरोध गरिन्छ । सो आदेश अनुसार गरे गराईएको नपाईएमा संक्रमक रोग ऐन,२०२० को दफा ३ र स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६ को उपदफा ३ बमोजिम कारवाही गरीने व्यहोरा समेत जानकारी गराईन्छ ।

**<u>तपसिल</u>**

स्थान: भानु नगरपालिकाको सम्पूर्ण क्षेत्र ।

मिति: २०७७ भाद्र १ गते रातको १२;०० बजे देखी भाद्र २४ गते रातको १२;०० बजे सम्म कायम गरिएकोमा यस अधिका निर्णयबाट त्यसलाई नै निरन्तरता दिई भाद्र मसान्त रातको १२;०० बजेसम्म ।

**संचालन गर्न पाईने**

१. अत्यावश्यक सेवा, स्वास्थ्य सेवा, सरसफाई सेवा र विपद् व्यवस्थापन सेवासंग सम्बन्धित कार्यहरु ।
२. राष्ट्रिय राजमार्गमा संचालन हुने सवारी साधनहरु ।
३. सरकारी कार्यालय र सार्वजनिक निकायका नियमित कार्यहरु ।
४. स्वास्थ्य- सुरक्षाको मापदण्ड अपनाई, भौतिक दुरी कायम गरी संचालन गर्ने औषधि र औषधिजन्य पसल, खाद्य सामाग्री पसल, फलफूल, तरकारी र दुग्धजन्य पसल ।
५. एम्बुलेन्स, सबवाहन, खाद्य ढुवानी, औषधि, फलफूल, कुखुराको चल्ला,माछा ,मासु ,तरकारी, दुग्ध पदार्थ, पानी र इन्धन बोकेका सवारी साधन,कुटनीतिक नियोग र झण्डावाला सवारी साधन,सरकारी नम्बर प्लेटका, प्रेस काउन्सिलबाट परिचयपत्र प्राप्त संचारकर्मीहरुले प्रयोग गर्ने सवारी साधन र जिल्ला प्रशासन कार्यालयबाट सवारी पास प्राप्त सवारी साधनहरु ।

**संचालन गर्न नपाईने**

१. अत्यावश्यक सेवा बाहेकका नियमित सेवाहरु ।
२. बैंक तथा वित्तिय संस्थाबाट प्रदान गरिने बाह्य सेवाहरु ।
३. सामाजिक संघ संस्थाले संचालन गर्ने कोभिड नियन्त्रण एवं स्वास्थ्य सुरक्षा बाहेक अन्य कार्यहरु ।
४. उद्योग, कलकारखाना र अन्य व्यवसायहरु

**ब्यक्तीले पालन गर्नु पर्ने शर्तहरु**

१. अत्यावश्यक कार्यमा बाहेक घरबाट बाहिर ननिस्कने ।
२. निस्कनै पर्दा अनिवार्य रुपमा माक्स लगाउने र समुहमा नहिड्ने ।
३. भौतिक र सामाजिक दुरी कायम गर्ने ।
४. मठ मन्दिर लगायत सार्वजनिक स्थलमा भेला नहुने र भिडभाड नगर्ने ।
५. धार्मिक तथा सामाजिक कार्यका लागि भेला नहुने ।

..............
(सागर आचार्य)
प्रमुख जिल्ला अधिकारी